# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, जेठ ३१ गते २०३४ साल


श्री ५ को सरकार

### भूमिसुधार मन्त्रालयको
### सूचना

जग्गा नाप जाँच ऐन, २०१९ को दफा ११ (ख) को प्रयोजनको लागि श्री ५ को सरकारले ललितपुर जिल्लामा जग्गा नाप जाँच गर्दा कुनै त्रुटी भएको, यस ऐन नियमको बखिलाप कुनै काम कारवाही भएको र नाप नक्शा गरी दर्ता गर्ने सम्बन्धमा समस्या उठेको देखिएमा सो सुल्झाउन देहायबमोजिम अध्यक्ष र सदस्य भएको समिति गठन गरेको छ ।

१. ललितपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी– –अध्यक्ष
२. नापी विभागबाट तोकिएका नापी अधिकृत– –सदस्य
३. ललितपुर जिल्लाका भूमि प्रशासक– –सदस्य–सचिब

आज्ञाले–
नारायणविक्रम शाह
श्री ५ को सरकारको निमित्त सचिब



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।